पाँच

# शाही सत्ताले सिकाएको पाठ

२०६१ माघ १९ गतेको राजाको घोषणापछि स्वतन्त्र रेडियोको प्रभावसँग डराएर नै सरकारले यसको मुख बन्द गर्न कोसिस गरेको थियो । यस आधारमा, आम जनताको चेतनाको माध्यमका रूपमा स्थापित हुँदै गएका रेडियो स्टेसनहरू अन्ततः आफ्नै सफलताका शिकार भएका थिए भन्न मिल्छ ।

पारदर्शी होइन, बन्द समाजमा रमाउन चाहनेहरूले नागरिकको चेतना अभिवृद्धि हुनुलाई प्रत्युत्पादक ठान्छन् । त्यही ठम्याइको फल थियो- शाही घोषणापछि स्वतन्त्र रेडियोको मुखमा बुजो लगाउने कसरत । यस क्रममा भएको सरकारी दमन, दमनको प्रभाव, दमनको प्रतिरोध र प्रतिरोधका क्रममा प्राप्त समर्थनबाट नेपाली सञ्चार जगत्ले धेरै कुराहरू सिकेको र अनुभूति गरेको छ । ती सिकाइ र अनुभूति भावी दिनका लागि शिक्षाप्रद एवं मार्गदर्शकसमेत हुनेछन् भन्न सकिन्छ । अघिल्ला खण्डमा उल्लिखित तथ्य र विश्लेषणका आधारमा यसलाई चार कोणबाट हेर्न सकिन्छ ।

## सफलताको परिणाम

स्वतन्त्र रेडियो स्टेसनहरू राजाको नेतृत्वमा रहेको एक सदस्यीय मन्त्रिमण्डलको तारो हुनु तिनको सफलता र शक्तिको परिणाम थियो । शाही घोषणापछि सम्पूर्ण सञ्चारसम्पर्क विच्छेद गरिएको र केन्द्रदेखि स्थानीय स्तरसम्म स्वेच्छाचारी शासन कायम गरिएको अवस्थामा स्वतन्त्र रेडियोले काला दिनहरूको सामना

गर्नु आश्चर्यजनक भने थिएन । राजाको शासनकाल र त्यसअघिका समेत सरकारी प्रतिनिधिहरूले आरोप लगाउने गरेको जस्तो एफएम रेडियोहरू जथाभावी हल्ला फैलाउने माध्यम नभएर तथ्यपूर्ण सूचना दिने जनताका लोकप्रिय माध्यम थिए । त्यो स्तर, विश्वसनीयता र लोकप्रियतालाई तिनले अरू बढाउँदै लैजान सक्नुपर्छ, जसले आगामी दिनमा आउनसक्ने कुनै पनि चुनौतीको सहज सामना गर्न सक्ने क्षमता जुटाइदिने छ ।

## ***सूचनाको भय***

बन्द समाजमा समाचार तथा समाचारमूलक कार्यक्रम भएका रेडियोहरू राज्य सत्ताको शिकार हुनु स्वाभाविक हो किनकि सूचनाको प्रसारले खुला समाजलाई बढावा दिन्छ । बन्द समाजको वकालत गर्नेहरूले गीति कार्यक्रममा उद्घोषण नगर्न, आफूलाई मन नपरेको सामग्री प्रसारण नगर्न र गीत तथा भजन बजाउनसमेत बाध्य पार्छन् । यो नागरिकको आवाजप्रतिको त्रासको परिणाम हो । सूचनाको भय निरंकुशताको स्वभाव नै हो । यसले राज्यका निकायहरूको अराजक, गैरकानुनी र स्वेच्छाचारी परिचालनलाई प्रोत्साहित गर्दछ ।

यस्तो मानसिकताले रेडियोको परिसर, छत, कार्यकक्ष, नियन्त्रण कक्ष र स्टुडियोमा समेत हतियारधारी सैनिक तैनाथ गरिदिन्छ तर आफूलाई प्रजातान्त्रिक भन्ने दाबी पनि गरिरहन्छ । यस सन्दर्भमा, अरू देशका सशस्त्र द्वन्द्वका समाचार-कथाको आधारमा द्वन्द्व पत्रकारिताको शिक्षा लिने समकालीन नेपाली पत्रकारिताले तानाशाही शासनमा पत्रकारहरूका लागि सैनिक अधिकारीहरू प्रधान सम्पादक बनेर कसरी उपस्थित हुन्छन् भन्ने कटु अनुभव स्वयं संगाल्न पाएको छ । शाही शासनका कारण, विदेशीका लागि द्वन्द्व पत्रकारिताको विशिष्ट नमूना प्रस्तुत गर्न सक्ने नेपाली पत्रकार जमात तयार भएको छ ।

राजनीतिक दलका कार्यालय र नेताहरूका निवासमा भन्दा अगाडि नै रेडियो स्टेसनमा सेना तैनाथ गरिनु रेडियोको प्रभावकारिताको प्रमाण पनि हो । राजधानीका कुनै पनि एफएमको प्रसारण पूरै रोक्न नसक्नु भने राजधानीको नागरिक सचेतताप्रति सरकारको रक्षात्मक मनोवृत्तिको सूचक थियो । यसले मोफसलको चेतनास्तरलाई नजरअन्दाज गर्ने सत्ताधारी-प्रवृत्तिको पनि संकेत गर्दथ्यो । निरंकुश सत्ताका सैनिक अधिकारीहरूको सूचनाका प्रवाहकर्ताहरूसँगको अतिरिक्त आक्रोश पनि शाही शासनकालमा नेपाली सञ्चारकर्मीहरूले थाहा पाए ।

## *कुशासनको समस्या*

स्वतन्त्रता समाप्त पारिसकेपछि त्यसलाई कानुनी आवरण लगाउन जारी गरिएका सरकारी सूचनाहरू देखाउने दाँत मात्र थिए। सैनिक बल र स्वेच्छाचारी सूचनाहरूमार्फत रेडियोमाथिको आफ्नो एकोहोरो आक्रमणले मात्र नपुग्ने देखेपछि तिनलाई एकातिर निरंकुशताको तारो र अर्कातिर सशस्त्र विद्रोहीको निशाना बनाउने दोहोरो चाल सरकारले खेल्न खोजेको थियो। प्रसारकहरूको साहस र स्पष्टताका कारण यस्तो चाल धेरै पटक खेर गएकोबाट भने स्वतन्त्र रेडियोले भविष्यका लागि आसलाग्दा संकेत दिएको छ। तर, शाही शासनको अन्त्य भइसकेको अवस्थामा पनि रेडियोको संस्थागत विकास गर्नेतिर ध्यान नदिने हो भने भविष्यमा त्यस्तै वा त्यो भन्दा कठिन परिस्थिति आइपर्दा प्रसारकहरूको निम्छरो अवस्था प्रकट नहोला भन्न सकिन्न।

सञ्चार अध्यादेश तयार भएर त्यसको महिनौँ आलोचना भइसक्दा पनि स्वयं राजाले नै त्यसबारे अनभिज्ञता प्रदर्शन गर्नु, लामो विदाको अघिल्लो दिन अध्यादेश जारी गर्नु, त्यसका आडमा मध्यराति रेडियो स्टेसनका उपकरण कब्जा गर्नु जस्ता घटनाक्रम राज्यसत्ता गैरजिम्मेवार र अपारदर्शी रहेको पुनःपुष्टि थिए। प्रसारण प्राधिकरण र मिडिया काउन्सिल गठनको तयारी पनि त्यही प्रवृत्तिका उदाहरण थिए। यस्ता प्रवृत्तिलाई सधैँका लागि इतिहासको गर्तमा सीमित गर्ने हो भने पारदर्शी, जिम्मेवार र वैधानिक शासकीय परिपाटी स्थापना गर्नु जरुरी छ।

## *लगानीमा लगाम*

समाचार बन्द गराएर स्वतन्त्र रेडियोहरूको लोकप्रियता घटाउने र बजारबाट उठ्ने विज्ञापन सुकाइदिने, त्यसपछि सरकारी विज्ञापनमा नाकाबन्दी लगाउने र अन्त्यमा रेडियोबाटै भारी रकम असुल्ने सरकारी प्रपञ्च निरंकुश चरित्रको उपज थियो। चलिरहेका रेडियो बन्द गर्ने र नयाँ रेडियो आउनै नसक्ने परिस्थिति खडा गर्ने त्यो योजना नेपालबाट स्वतन्त्र रेडियोको अस्तित्वलाई शान्तिपूर्ण उपायबाटै समाप्त पार्ने उद्देश्यबाट आएको थियो। तर, त्यसका विरुद्ध लडेर आएका रेडियोहरूले त्यही लडाईंपछि सत्तारूढ भएको सरकारसँग निर्बाध सूचनाको हक र समग्रमा रेडियो स्वतन्त्रताकै लागि चरणबद्ध याचना गर्नुपर्ने अवस्था आउनुले भने शासकीय असंवेदनशीलताको निरन्तरतालाई झल्काएको छ।

## *भ्रमको शासन*

नागरिकको तल्लो तहसम्म शीघ्र सूचना पुऱ्याउने माध्यमको मुख थुनेसँगै सरकारी प्रचार यन्त्रको दुरुपयोग गरेर भ्रमको शासन चलाउने राज्यको नियत

प्रकट भयो । सरकारी सञ्चारकर्मी र शाही सत्ताका पक्षपातीहरू रेडियो स्वतन्त्रताको विरोधमा आफ्नो सम्पूर्ण ज्ञान र विवेक खर्चेर लाग्नुबाट सरकारले सञ्चारमाध्यम चलाउनु हुँदैन भन्ने मान्यतालाई बल प्रदान गर्‍यो । सत्तामा नपुग्दासम्म यो मान्यतालाई स्वीकारे पनि सत्तामा आसीन हुनेबित्तिकै सरकारी सञ्चारमाध्यमलाई आफ्नो पक्षमा दुरुपयोग गर्ने परिपाटी कायम रहनु एउटा विडम्बना नै बनेको छ । यसले वस्तुतः कसैलाई फाइदा गर्दैन भन्ने कुरा आ-आफ्नो अनुभवका आधारमा सबै राजनीतिक पक्षले बुझ्नु राम्रो हुन्छ ।

सरकारी सञ्चारमाध्यमको दुरुपयोगले मात्र नपुगेर सेनालाई नै एफएम रेडियो सञ्चालनको इजाजतपत्र दिनु मुलुकलाई सैनिकीकरणतर्फ अघि बढाउने र स्वतन्त्र प्रसारण माध्यमलाई कमजोर तुल्याई सैनिक प्रोपोगण्डा मच्चाउने प्रयत्न थियो । अर्कातिर माओवादीको रेडियो कब्जा अभियान पनि स्वतन्त्र सञ्चारका लागि उत्तिकै घातक थियो । राज्यको सेनाले एफएमलाई युद्धमोर्चाका रूपमा प्रयोग गर्नु र माओवादीले पनि सञ्चारमाध्यमलाई तारो बनाउनु एउटै सिक्काका दुई पाटा थिए । २०६३ वैशाख ११ पछि बनेको सरकारले सेनाले लिएको एफएम प्रसारण इजाजतलाई कार्यान्वयन हुन त दिएन तर शाही सरकारले कुन-कुन फ्रिक्वेन्सी कतिओटा रेडियोका लागि दिएको थियो भनेर सार्वजनिक गर्न तयार पनि भएन ।

## चक्रवर्ती असरभित्र

दमनका कारण स्वतन्त्र रेडियोहरू त समाप्तिको बाटोमा लगाइएका थिए नै; सरकारी रेडियोको बँचेखुचेको साख पनि सरकारले नै सिध्याइरहेको थियो । यस सन्दर्भमा अधिनायकवादी मनोवृत्तिको सरकारले समग्र सञ्चार जगत्लाई कसरी समाप्तिको संघारमा पुर्‍याउनसक्छ भन्ने उदाहरण पनि देखा परेको छ । शाही शासनमा आफ्नै रेडियोका प्रसारकहरू सरकारी दमनका सहयोगी बनेको अनुभव नेपालको स्वतन्त्र रेडियोले एकातिर गर्‍यो भने अर्कातिर आपतबाट जोगिने कला पनि सिक्यो ।

## *राज्य संयन्त्रको दृष्टिदोष*

स्थानीय रेडियोहरूले स्थानीय समुदायलाई सुसूचित एवं सचेत बनाउँदै तिनका स-साना काममा पनि साथ दिएर ठूला-ठूला कल्याण गरिदिन सक्छन । तर, सही सूचनाको निर्बाध प्रवाहले निरंकुशताविरुद्ध जागरण उत्पन्न हुने भयका कारण सरकारले तिनको मुख बन्द गरिदियो । थप विडम्बना के भने सूचनाको संस्कृतिविरोधी यो मानसिकताको संक्रमण समाजमा पनि कम थिएन । यदि

यस्तो नहुँदो हो त आम नागरिकको तहबाट पनि स्वतन्त्र रेडियो अर्थात् आफ्नो सूचनाको स्रोतको पक्षमा आवाज उठ्नु पर्दथ्यो । यो अवस्थामा पनि धैर्य र आशा नछोडी संघर्षरत रहनु स्वतन्त्र रेडियोको आफ्नै विशेषता बन्न पुग्यो ।

## *भ्रमको सञ्चार*

सशस्त्र शक्तिहरूले रेडियो-युद्धसमेत लडेको अवस्थामा तटस्थ रेडियो घुन भैँ पिसिनु अस्वाभाविक होइन । युद्धप्रचार सुनेर सत्य पत्ता लगाउनु नागरिकका लागि कदापि सहज हुँदैन । यसै कारण पनि सशस्त्र शक्तिहरूले विद्युतीय सञ्चारमाध्यम चलाउन पाइँदैन भनिएको हो । नेपालको सन्दर्भमा यो भनाइ हतियारधारी दुवै शक्तिहरू अर्थात् सरकार र माओवादीमा समान रूपले लागू हुन्छ । राजनीतिक दल वा संगठन विशेषले रेडियो चलाउँदा पनि सूचनाको स्वतन्त्र प्रवाह कुण्ठित हुने भएकाले यो नियम तिनमा पनि उत्तिकै लागू हुन्छ । यसलाई ध्यानमा राखेर राज्यले स्पष्ट नीति बनाउनुपर्छ जसमा सञ्चारमा लगानीको विषय पनि समेटिनसक्छ । त्यसो भएमा लगानीमा पारदर्शिताको विषयले मात्र सम्बोधन पाउँदैन, विदेशी लगानी, एकाधिकार लगानी, कालो वा सेतो लगानी जस्ता विवादहरू पनि स्वतः समाप्त हुनसक्छन् ।

## *भरपर्दो संगठनको अभाव*

सरकारले समाचारमा प्रतिवन्ध लगाउँदा रेडियोको आर्थिक कारोबार नै प्रभावित हुनुले तिनको स्वतन्त्रताका बारेमा प्रश्न उठ्छ । असामान्य परिस्थितिमा खडा हुने व्यवस्थापकीय र अरू समस्यासँग जुध्न सक्ने भरपर्दो संगठनको अभाव यसले टडकारो पारेको छ । रेडियो प्रसारकहरूका विभिन्न संस्था भए पनि संकटको अवस्थामा तिनले यो भूमिका खेल्ने क्षमता देखाउन सकेनन् ।

त्यति हुँदाहुँदै पनि धेरै लगानीकर्ताहरूले रेडियो समाचारको पक्षमा दृढ अडान देखाएका थिए । भलै कतिपय प्रसारकहरूले रेडियो समाचारको प्रतिरक्षा गरेनन् र समाचारबिनाको रेडियो पनि हुनसक्ने बताए । राजाको सत्ता ढलेपछि तिनै व्यक्तिहरूले थप जोशका साथ समाचार तथा समाचारमूलक कार्यक्रमहरू प्रसारण गर्नु रोचक पक्ष भएको छ ।

## *चौतर्फी असुरक्षा*

शाही शासनमा रेडियो पत्रकारमाथि भौतिक सुरक्षाको चुनौती बढ्दै गएको बेला आर्थिक र पेसागत चुनौती पनि थपिए । त्यस बेला संकटकालको बहानामा

पत्रकारहरूलाई सेवाबाट निकाल्ने र पत्रकार महासंघको आग्रहको सुनुवाइ समेत नगर्ने काम गरेर प्रसारकहरू पनि थप असुरक्षाका कडी बनेका हुन् । उनीहरूको यस्तो रवैयाले गैरसमाचारीय कार्यक्रममा संलग्न जनशक्तिमा पनि असन्तोष र असुरक्षा महसुस भयो ।

रेडियो पत्रकारहरूलाई संकट र दुःखको बेलामा प्रसारकहरूले सहयात्री ठानेनन् । विभिन्न दबाबका कारण श्रमजीवी पत्रकारहरूलाई पुनर्बहाली गर्ने सैद्धान्तिक सहमति कायम गर्न बाध्य भए पनि त्यसलाई उनीहरूले व्यवहारमा उतारेनन् । यसले रेडियो पत्रकारहरू मात्र होइन, समस्त श्रमजीवी पत्रकारहरू नै पेशागत हकहितका लागि संगठित भएर अघि बढ्नु जरुरी रहेको स्पष्ट पारेको छ । श्रमजीवी पत्रकारहरूको हक, हित, सुरक्षा र सुविधाको समयोचित व्यवस्था गर्न तथा निजहरूको व्यावसायिक दक्षता प्रवर्द्धन गर्न प्रोत्साहित गरी स्वच्छ पत्रकारिताको विकास गर्न[१] भनेर बनेको श्रमजीवी पत्रकार ऐन कार्यान्वयन हुन नसकेकाले नै यो परिणाम निम्त्याएको हो । ऐनका त्रुटि कमजोरीबारे नानाभाँति टीका टिप्पणी गरेर नथाक्ने तर त्यसका विरुद्ध सशक्त पाइला कहिल्यै नचाल्ने श्रमजीवी पत्रकारहरूको प्रवृत्ति यस मामलामा सबैभन्दा घातक देखिएको छ ।

### *जोगिने कला*

राष्ट्रवादको दुहाइ दिएर राजनीति जोगाउन खोजेको राजाको सरकारले नेपाली स्वतन्त्र रेडियोभन्दा भारतीय टेलिभिजनलाई 'आफन्त' ठान्नु आफैंमा आश्चर्यजनक थियो । स्वदेशी रेडियो बन्द गरेर विदेशी न्यूज च्यानल प्रसारण गर्नुले राष्ट्रवाद उसका लागि हात्तीको देखाउने दाँत मात्र थियो भन्ने देखाउँछ । तर, त्यसरी खोलिएका विदेशी न्यूज च्यानलले पनि शाही सरकारको पक्षमा भने समाचार प्रवाहित गरेनन् बरु धेरै पटक उसलाई नंग्याउने काम नै गरे । अर्कातिर माओवादी रेडियोहरूको लोकप्रियता धुमधामसँग बढ्न पुग्यो जसको उद्देश्य नै विद्रोहको प्रोपागण्डा थियो । राज्यका नियमकानुन अन्तर्गत चल्ने रेडियोहरूको घाँटी निमोठ्ने सरकार माओवादीको रेडियो भने चुपचाप सुन्न बाध्य र लाचार देखिएको थियो ।

सुपथ मूल्यका एफएम रेडियो सेटमा समाचार निषेध हुनु, रेडियो नेपालले समाचारमा पञ्चायतकालीन धुन बजाउन थाल्नु, सरकारले नयाँ रेडियो खोल्ने अनुमतिपत्र नदिनु, अनुमतिपत्र लिएकाहरूले पनि ट्रान्समिटर आयात गर्ने अनुमति

---

[१] श्रमजीवी पत्रकारसम्बन्धी ऐन २०५१ को प्रस्तावना ।

नपाउनु जस्ता घटना नेपाली रेडियोका लागि प्रतिगमनकारी थिए । त्यसको ठीक उल्टो सरकारी निषेधलाई छल्दै समाचारलाई अरू नै नामबाट प्रसारण गर्नु र अनेक नयाँ नयाँ उपायबाट समाचारमूलक सामग्री प्रसारण गर्नु अग्रगमनका उदाहरण थिए । चरम संकटका समयमा पनि आफ्नो अस्तित्व र इच्छाशक्तिलाई कसरी जीवित राख्न सकिन्छ भन्ने नमुना यिनले पेश गरेका थिए ।

## सबैको आफ्नै लडाईं

नेपालको प्रेस स्वतन्त्रता आन्दोलनको नेतृत्व मूलतः नेपाल पत्रकार महासंघले नै गरेको आधारमा पेशागत संस्था नै आन्दोलनको मोर्चामा अगुवा हुनसक्छ भन्ने देखिन्छ । यसो हुँदाहुँदै पनि रेडियो अधिकारका पक्षधरहरूको सजग प्रयत्नकै कारणले रेडियोको आवाजलाई मूल प्रवाहमा समाहित गर्न सकिएको हो । यस सन्दर्भमा, दमनले हद नाघ्न थालेपछि त्यसको प्रतिरोधमा उठ्ने स्वर राज्यकै लागि थेगिनसक्नु हुने गर्छ भन्ने देखिएको छ ।

### *पेशागत पक्ष*

नाफाको प्रतिफल नपाइने र घाटाको जोखिम मात्र मोल्नुपर्ने अवस्थामा रहेका रेडियो पत्रकारहरू शासकहरूसँग राजनीतिक र प्रसारकहरूसँग पेशागत संघर्ष गर्नुपर्ने ठाउँमा उभिएका छन् । उनीहरूको सबलताका लागि समग्र रेडियोकर्मीहरू संगठित हुनु जरुरी छ । रेडियो समाचारको हक बहालीका लागि पहिलो मुद्दा दायर गरिएको देखि, सडकदेखि स्टुडियोसम्म समाचारवाचनको माध्यमबाट आन्दोलनलाई अघि बढाइएको घटनाक्रमसम्मलाई नियाल्दा पेशागत जगमा उभिएर र एकगठ भएर आन्दोलन गर्ने हो भने त्यो बढी सशक्त हुनसक्दो रहेछ भन्ने देखिएको छ ।

पत्रकारको तुलनामा लगानीकर्ताहरू आन्दोलनमा कम सशक्त र बढी 'सन्तुलित' हुन खाजेका थिए । तर पनि आन्दोलनको रूपमा स्टुडियोबाट समाचार वाचन गर्ने काममा प्रसारकहरूको सहमति र तत्परता नै मुख्य पक्ष थियो । यसले कानुनी आन्दोलनको रूपसमेत ग्रहण गरेर सरकारी प्रयासलाई असफल बनाइदिएकाले प्रसारकहरूले आँट गर्ने हो भने खुला समाजको वर्तमान युगमा कुनै पनि सरकारले बन्द समाज टिकाउन सक्दैन भन्ने समेत देखिएको छ ।

स्वतन्त्रताको विपक्षमा रहेको सरकार र स्वतन्त्रताको माग गर्नेहरूका बीचमा वार्ताको औचित्य नहुने शिक्षा पनि आन्दोलनबाट प्राप्त भएको छ । बरु त्यस्ता सरकारले नागरिकका मौलिक अधिकारलाई नगदमा साट्न खोज्छन् भन्ने अनुभव यस क्रममा प्राप्त भएको छ ।

### *पेशागत होइन, नागरिक अधिकार*

सूचनाको हक र विचार तथा अभिव्यक्ति स्वतन्त्रता पत्रकारको भन्दा पनि नागरिकको मूलभूत अधिकार हो । त्यसमाथिको हस्तक्षेप समग्र नागरिकको अधिकारमाथि हस्तक्षेप थियो । त्यसैकारण नेपालको स्वतन्त्र रेडियो, नागरिक तथा राजनीतिक समाज र समग्र सञ्चार जगत्को आवाज एकीकृत हुन सकेको हो । आन्दोलनका मोर्चाहरूमा मात्र होइन, अदालतमा चलेको कानुनी लडाइँमा समेत स्वतन्त्र रेडियोलाई सबै पक्षको सक्रिय समर्थन प्राप्त हुनुको कारण यही थियो ।

### *विश्वव्यापी विषय*

सञ्चारमाध्यम र सूचना प्रविधिको विकासले सिङ्गो विश्व एउटा गाउँजस्तो भइसकेको सन्दर्भमा कुनै देशको सञ्चार क्षेत्रमाथि हुने आक्रमण त्यहाँका नागरिकको मात्र सरोकारको विषय पनि अब रहेन । त्यसैले विश्वव्यापी रूपमै नेपालको रेडियो आन्दोलनले समर्थन प्राप्त गरेको थियो । नागरिकको आधारभूत अधिकारलाई अब कुनै पनि राष्ट्रले आन्तरिक मामिलाको नाममा कुण्ठित गर्न नसक्ने कुरा पनि यसबाट स्पष्ट हुन्छ ।

### *संघर्षको सीमाविहीनता*

रेडियो मात्र नभई समग्र प्रेस स्वतन्त्रताको आन्दोलन नै व्यावसायिक मुद्दामा सीमित नरहेर समग्र लोकतान्त्रिक आन्दोलनमा समाहित हुन पुग्यो । सञ्चार जगत्बाहेकका अरू पेशा र व्यवसाय पनि यसैगरी आन्दोलनको मूल प्रवाहमा तानिए । यसबाट आधारभूत अधिकारहरूमाथि नै हमला भएपछि सिङ्गो मुलुक त्यसको प्रतिरोध गर्दै राजनीतिलाई सही बाटोमा ल्याउन अगाडि बढ्छ भन्ने देखिन्छ । यस्तो परिस्थितिमा राजनीतिक शक्तिहरूले चलाएका न्यायपूर्ण आन्दोलन रेडियोको सरोकारका विषय हुन पुग्छन् भने बन्द समाजका विरोधी राजनीतिक शक्तिहरूले पनि स्वतन्त्र सञ्चारको आन्दोलनलाई साथ दिन सक्छन् ।

## सबैका लागि, सधैँका लागि

समाजमा दबेका द्वन्द्वलाई सतहमा ल्याएर तिनको समाधानको मार्ग पहिल्याउन सहयोग गर्ने काममा नेपालजस्तो भौगोलिक बनावट र आर्थिक अवस्था भएको मुलुकमा रेडियो जति सशक्त विकल्प अरू हुनै सक्दैन । यो हिसाबले यिनलाई भूमिकाशून्य बनाउन खोज्नु शासकहरूको अदूरदर्शिता र मूर्खता मात्रै थियो ।

कुनै पनि सरकारले आफ्नो भजन नगाइदिएकै आधारमा सञ्चारमाध्यमलाई शत्रु ठान्ने चिन्तन त्यागेर यसप्रति मैत्रीभाव राख्दै सञ्चार क्षेत्रको विकासका लागि आवश्यक वातावरण निर्माण गर्नु बुद्धिमत्तापूर्ण हुन्छ ।

सरकार त बहुदलीय व्यवस्थामा दलहरूको प्रतिनिधित्व गर्ने कार्यकारी निकाय मात्र हो । मुख्य शक्ति राजनीतिक दलहरू नै हुन् । राजाको प्रत्यक्ष शासन सुरु हुनुभन्दा अगाडिका दिनमा राजनीतिक दल र तिनका नेताहरूको असफलता, कुशासन, भ्रष्टाचार आदिका साथै उपलब्धि र सफलताका बारेमा समेत समाचार र विश्लेषण प्रस्तुत गर्ने काम आमसञ्चारका अरू माध्यमहरूले जस्तै स्वतन्त्र रेडियोले पनि गरेका थिए । माओवादी हिंसाका बारेमा सूचनाको जसरी प्रवाह हुन्थ्यो त्यसका विरुद्ध सूचना र विचारको प्रवाह पनि उसैगरी हुन्थ्यो । शान्तिका पक्षमा जनमत निर्माण गर्नसमेत सबैभन्दा महत्त्वपूर्ण भूमिका खेल्नसक्ने ठाउँ एफएम रेडियो स्टेसनहरू नै थिए । तटस्थता र वस्तुनिष्ठता यिनको आधार थियो । राजनीतिक दलहरूले त्यतिबेलै रेडियोलाई सशक्त सञ्चारमाध्यमका रूपमा विकसित हुने कानुनी वातावरण तयार गरिदिएको भए राजाको शासनमा तिनले त्यत्रो दुरवस्था भोग्नुपर्ने थिएन । सञ्चार स्वतन्त्रताको आन्दोलनमा राजनीतिक दलहरूले गरेको समर्थन र सद्भावलाई हेर्दा भने आउँदा दिनमा विगतको गल्ती नदोहोऱ्याउने आशा गर्न सकिन्छ । यसका लागि स्वतन्त्र सञ्चारले निरन्तर सचेतकको भूमिका खेल्नु भने जरुरी छ ।

रेडियोको स्वतन्त्रता राजनीतिक सरोकारको विषय बन्नु एउटा पक्ष हो भने नागरिक सरोकार त्योभन्दा महत्त्वपूर्ण पक्ष हो । समाचार बन्द भएपछि धेरैले रेडियो सुन्न नै बन्द गरेका भए पनि यसको स्वतन्त्रताका पक्षमा आवाज उठाउने काम नरोकिनु प्रेस स्वतन्त्रताप्रति नागरिक सरोकारको उदाहरण थियो । शाही शासनका विरुद्ध भएको आन्दोलनले रेडियोको स्वतन्त्रताको मुद्दालाई ठूलो पहिचान दियो, जुन स्वतन्त्र रेडियोका लागि ठूलो प्राप्ति पनि हो । बृहत् नागरिक समुदायका हरेक तह र पक्षबाट व्यापक समर्थन रेडियोले प्राप्त गर्नु जति स्वाभाविक थियो, त्यसलाई कायम राख्न भने त्यति सहज छैन । नागरिकका परिवर्तित चाहना र जिज्ञासाको सेवा गर्ने काममा सशक्त र सचेत माध्यमको रूपमा टिक्न नसकेको खण्डमा यो समर्थन र विश्वास कायम नरहने पक्का छ । निजी क्षेत्रको नाममा व्यापारिक र सामुदायिकको नाममा परियोजनामुखी मात्र बनेको खण्डमा स्वतन्त्र रेडियो 'फोकटिया मनोरञ्जन' को माध्यमभन्दा बढी केही रहन सक्दैन । स्वतन्त्र रेडियोले नागरिकको समर्थन हासिल गरिरहनका लागि नागरिक अधिकार र हितको निरन्तर पक्षपोषण गर्न चुक्नु हुँदैन ।

समाचार बन्द भएपछि जनसम्पर्क, प्रतिष्ठा र आम्दानी अकस्मात् घटेर शून्यतिर लागेको बेला प्रसारकहरू आत्तिनु अस्वाभाविक होइन । समाचार र सूचना नै नभएको रेडियो चलाउनुको अर्थ र औचित्यमाथि प्रश्न उठेपछि रेडियोको भविष्य नै अन्योलमा परेको देखिनु पनि स्वाभाविकै थियो । यस्तो घडीमा प्रसारकहरू अपेक्षित प्रतिरोधमा नउत्रिनु झट्ट हेर्दा आलोचनायोग्य लागे पनि तिनलाई मनोबल दिन र आर्थिक दृष्टिले टिकाउनका लागि स्वतन्त्रता पक्षधरहरूको भूमिका देखा नपरेको तीतो यथार्थलाई बिर्सन मिल्दैन । सामाजिक उत्तरदायित्व पूरा गर्न चाहेर पनि सरकारसँग हरेक वर्ष इजाजतपत्र नवीकरण गर्नुपर्ने कारणले समेत रेडियो प्रसारकहरू खुम्चिएको देखिन्छ । तसर्थ, पत्रपत्रिकाको दर्ता खारेज नहुने संविधानप्रदत्त अधिकार रेडियोको हकमा पनि लागू हुने व्यवस्था भएमा मात्र रेडियोको स्वतन्त्रता सुदृढ हुन सक्छ । प्रसारकहरूले टिक्ने नाममा जनतालाई बेवास्ता गरेर शासकप्रति समर्पणको नीति अँगाल्नु भने जहिले पनि प्रत्युत्पादक नै हुने प्रस्ट छ । रेडियोकर्ममा संलग्न जनशक्तिको सहयोगको अभावमा कुनै पनि खालको संकटको प्रतिरोध सम्भव हुँदैन । यसका लागि पत्रकार लगायत सबै रेडियोकर्मीले रेडियोलाई भावनात्मक रूपमा नै आफ्नो ठान्ने वातावरण निर्माण गर्ने काम प्रसारककै हो ।

अरू माध्यममा संलग्न पत्रकारको जस्तै रेडियो पत्रकारको पनि संस्थागत विकास र कानुनी सुरक्षाको ग्यारेन्टी हुने वातावरण निर्माण हुनुपर्छ जो मूलतः आफ्नो अधिकारप्रति उनीहरूको सामूहिक सचेतताको विषय हो । रोजगारी, पेशा र जीवनमै असुरक्षाको महसुस गरेर पनि कार्यरत रहेको अवस्थालाई रेडियोकर्मीहरूले नै उल्टाउनुपर्छ । यसबाट मात्रै उनीहरूको पेशागत मर्यादा उच्च हुनसक्छ । श्रोताको विश्वास जित्नका लागि आवश्यक पर्ने पेशागत दक्षताको अभिवृद्धिलाई सञ्चारकर्मी र प्रसारक दुवैले उत्तिकै महत्त्व दिनुपर्छ । यसका लागि प्रसारकहरूको लगानी र रुचि अनिवार्य हुन्छ । स्तरीय उत्पादनका लागि स्तरीय मानव संसाधन आवश्यक हुन्छ भने स्तरीय मानव संसाधनका लागि स्तरीय लगानी जरुरी हुन्छ । लगानीको अनुपातमा उत्पादनको वृद्धि हुने बेलायती अर्थशास्त्री जेएम किन्सको सिद्धान्त[२] र कुनै पनि संगठनको लागि मानव संसाधन नै सबैभन्दा महत्त्वपूर्ण सम्पत्ति हो भन्ने मानव संसाधन व्यवस्थापनको आधुनिक सिद्धान्तको सारलाई मनन गरेर सञ्चारकर्मीहरूको स्तर अभिवृद्धिका

[२] सन् १९३६ मा प्रतिपादित 'जेनेरल थ्योरी अफ इम्प्लोइमेन्ट, इन्टरेष्ट एण्ड मनी' । पुस्तकका रूपमा समेत प्रकाशित ।

लागि लगानीकर्ताहरूले स्वयं पहल सुरु गर्नु हरेक दृष्टिले उनीहरूका लागि फाइदाजनक कुरा हुनेछ। यस पृष्ठभूमि र आवश्यकताका आधारमा पनि आन्दोलनको उपलब्धिलाई रक्षा गर्नु जरुरी छ। साथै, स्वतन्त्र रेडियोको महत्त्व र उपयोगितालाई व्यावहारिक रूपबाट पुष्टि गर्न रेडियो पत्रकारहरू स्वयंमा संगठित, सबल, दक्ष र जिम्मेवार हुनु जरुरी छ।